


## मर्चेन्ट बैकिङ संस्था सम्बन्धी सेवाहरु

### म्यूचल फण्ड भनेको के हो ?

म्यूचल फण्ड भनेको सामुहिक लगानी कोष हो । साना तथा ठुला लगानीकर्ताको लगानीलाई संकलन गरी उचित पोर्टफोलियो विविधिकरण मार्फत म्यूचल फण्डले लगानीकर्ताहरुको दिर्घकालिनमा सम्पति वृद्दि गर्दछ। म्यूचल फण्डमा लगानी गर्दा जोखिम न्यूनीकरण हुन्छ ।

### म्यूचल फण्डले के के मा लगानी गर्दछ ?

क) बोर्डमा दर्ता भएको धितोपत्र

(ख) सार्वजनिक निष्काशन भएको धितोपत्र

(ग) धितोपत्र विनिमय बजारमा सूचीकृत धितोपत्र

(घ) नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बील तथा मुद्रा बजारका अन्य साधनहरु

(ङ) बैंक निक्षेप

(च) मुद्रा बजार उपकरण

(छ) बोर्डले तोकिदिएको अन्य क्षेत्र ।

### म्यूचल फण्डमा न्युनतम कति लगानी चाहिन्छ ?

म्यूचल फण्डमा लगानी गर्न प्रति इकाई अंकित मुल्य रु १० को दर ले न्युनतम रु १००० लगानी गर्न सकिनेछ ।

### म्यूचल फण्डको किसिम ?

<u>खुलामुखी सामुहिक लगानी योजना</u>

खुलामुखी योजना भनेको समयावधि नतोकी संचालन गरिने योजना हो । यो योजना NEPSE मा सुचिकृत गरिएको हुदैन। सो योजनाको ईकाई किनबेचको लागि जुन कम्पनीले योजना निष्काशन गरेको हो, सोहि कम्पनीमा सम्पर्क गरी किनबेच गर्न सकिन्छ । हरेक दिन कोषको NAV value प्रकाशित गरिन्छ र सोहि NAV अनुसार इकाई किनबेच गर्न सकिन्छ ।

<u>बन्दमुखी सामुहिक लगानी योजना</u>

बन्दमुखी योजना भनेको समयावधि तोकी संचालन गरिने योजना हो । यो योजना NEPSE मा सुचिकृत हुन्छ र NEPSE बाटै यसको इकाई किनबेच गर्न सकिन्छ । हरेक महिना कोषको NAV value प्रकाशित गरिन्छ ।